## प्रविधिको प्रयोगमा देवकोटा क्याम्पस

नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. ४ रमवापुरमा रहेको महाकवि देवकोटा क्याम्पस वर्तमान समयमा प्रविधिको प्रयोगमा निकै अगाडि बढ्दै गएको छ। वि.सं. २०६० सालमा स्थापना भएको यो क्याम्पसले वर्तमान समय सापेक्ष गुणस्तरीय शिक्षा दिने उद्देश्य राखेको छ। विद्यार्थीलाई प्रोजेक्टरको माध्यमबाट शिक्षा दिनु पर्छ भनी हाल यस क्याम्पसमा ४ वटा प्रोजेक्टर प्रयोग गरेर शिक्षा दिईदै आएको छ। विद्यार्थीहरुलाई वर्तमान समय सापेक्ष कम्प्यूटर शिक्षा दिने उद्देश्यले जम्मा १५ वटा कम्प्यूटरको व्यवस्था गरिएको छ। इन्टरनेट प्रयोगबाट सिधै Online Presentation को माध्यमद्वारा शिक्षा दिने कार्य प्रारम्भ भएको यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुले कम्प्यूटरको प्रयोग गरी आफूसँग सम्बन्धित कार्यहरु आफैं गर्दै आइरहेका छन्। प्रविधिकै प्रयोग गर्ने क्रममा Automatic Machine द्वारा हाजिरी गर्ने काम हुदै आएको छ। यसका अतिरिक्त क्याम्पसमा फोटोकपि मेशिन, सादा र कलर दुबै प्रिन्टर, ल्यापटप आदिको प्रयोगबाट विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरु लाभान्वित भएका छन्।

■■■

## समाजिकता

**- हरिप्रसाद बस्याल**

समाजिकता यस्तो हो रे .....
पुस माघ महिनाको पारिलो घाममा बसेर
आठ दश जना मानिसहरुलाई सँगै जोडेर
अरु आठ दश जनाको बारेमा ठूलै स्वरमा
नयाँ के सम्म कुरा गर, मज्जासँग हाँस
तिम्रा कुरामा उनीहरु के खान्छन्
के लगाउँछन्, कहाँ जान्छन् भन्नेमा हुनपर्छ
तिम्रा कुराहरु उनीहरुका घरमा को कास्तो
छ , कसले के गर्द भन्ने मा हुनु पर्दछ।
त्यसैले त समाजिकता देखाउन विषयवस्तु चाहिन्छ
तिमी उनीहरुका घरभित्र चासो राख्न पस्नुपर्छ
दुई चार कुरा फकाइ-फुल्याई भएपनि थुत्नु पर्छ
अनि तिनै कुरालाई चौंतारीमा बसेर एफ. एम. ले झै फुक्नु पर्छ
समाजिकता भनेको कसले कुन दिन के राम्रो गर्यो
यो त विषय नै भएन , यसमा आकर्षण नै छैन
समाजिकता त मोडिएर आउनु पर्छ , आकर्षक हुनुपर्छ
त्यो नै उत्कृट जुनमा एउटा रंगाइको कथा हुन्छ। ■■■

## गजल

**-सिर्जना गौतम**, *स्नातक प्रथम वर्ष*

चर्को घामले पोले पनि शितल दिने जुन छ
सारङ्गीको तार टुटेपनी बाँसुरीको धुन छ
पित्तल हराउँदैमा मलाई केही फरक पर्ने छैन
त्यो भन्दानी महङ्गो छापावाल सुन छ
धेरै रोए जिन्दगीमा तिमीलाई हसाउन
अब हास्ने पालो मेरो तिमीलाई रुन छ
चेतावनी देऊ यात खुट्टा तान्ने कोसिस गर
डराई पछि सर्दिन म सफल नारी हुनछ
विना कसुर दण्ड दिन पाउने छैनौ बैगुनीले
किन भने मैले तिमीलाई लगाएको गुन छ
चर्को घामले पोले पनि शितल दिने जुन छ
सारङ्गीको तार टुटेपनी बाँसुरीको धुन छ □□□

## मेरी आमा तिमीलाई

**- सविता वि.क.**

मेरी आमा तिमीलाई
अविरल सम्बोधन छ आमा तिमीलाई
मेरो मन मुटु देखि
तिमी विना बाँच्न सक्दिन आमा
टाढा नहुनु है कहिल्यै म देखि
सधै तिम्रो न्यानो माया अनि
सधै तिम्रो चोखो काख चाहन्छु
तिमीलाई कहिल्यै मर्न नपरोस् आमा
तिम्रो ठाँउमा म मर्न चाहन्छु
मेरो जीवन तिमी हौ आमा
मितीबाट नै जीउन सिके म
तिमी छौ र त छ नि यो संसार
तिमी नभएर आज के हुन्थे होला म
जन्म दियौ, नाम दियौ , कर्म दियौ आमा
जुध्न सिकायौ हर कष्ट र बाधासँग
कहिल्यै नछोडनु है आमा मलाई
सधैं भरी हुनु है तिमी मसँग
आमा तिमी जस्तो कोही छैन महान्
तिमी बिना जीउन सक्दिन यो जीवन
म जहाँ भए पनि जहाँ गए पनि
मेरो नामको अगाडि तिम्रै पहिचान हुनेछ
बाँच्न सक्दिन आमा तिमी विना
तिमी त छौ नि मेरो मुटुको हर घडकनमा
तिमी नभएर कसरी बाचुँला र म आमा
तिमी विना अधुरो छु म यस संसारमा
जय होस् आमा जय होस् तिम्रो
गाउँछु तिम्रै जयको गीत
सारा संसार इष्ट मित्रले त्यागे पनि
तिमी चाहि हुनु है सधैं मसित
तिम्रो छोरी अभागी सविताको
जीवनका कष्ट, पिर अनि वेदना
तिमीबाट टाढिन परे पनि आमा तिमीलाई छ
मेरो लाखौं लाख सम्झना ॥ ■■■




# देवकोटा सन्देश

महाकवि देवकोटा क्याम्पस, सुनवल, नवलपरासी

वर्ष २ | अंक ३ | २०७२ माघ | अर्धवार्षिक बुलेटिन



**सम्पादन समिति**

**संरक्षक**
कृष्णप्रसाद लामिछाने
(अध्यक्ष क्याम्पस संचालक समिति)

**सल्लाहकार**
मा.स.बैजनाथ चौधरी
विष्णुप्रसाद पौडेल
अर्जुनकुमार पोखरेल
उमानाथ पोखरेल
ठाकुरप्रसाद घिमिरे
बोधराज घिमिरे
भिमबहादुर थापा
अनिल कुमार बस्नेत
(क्याम्पस प्रमुख)

**सम्पादक**
हरिदत्त शर्मा

**सह-सम्पादक**
नारायण प्रसाद ढकाल

**प्रकाशक**
महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९

**पत्राचार ठेगाना**
महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९, ६९१०४६
*Email:mdcampus60@gmail.com*
*Website: www.mdc.edu.np*


## पाँचौ क्याम्पस सभा सम्पन्न



मिति २०७२।०६।२२ गते यस महाकवि देवकोटा क्यापसको पाँचौ क्याम्पस सभा सम्पन्न भएको छ। यसै क्याम्पसका क्याम्पस संचालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा भएको उक्त सभामा जिल्ला शिक्षा कार्यालय नवलपरासीका जिल्ला शिक्षा अधिकारी दोलराज पाण्डे प्रमुख अतिथि रहनुभएको थियो। क्याम्पस स्थापना कालका अध्यक्ष एवम् क्याम्पस संरक्षक थानप्रसाद गैरे साथै निवर्तमान क्याम्पस संचालक समितिका अध्यक्ष एवम् क्याम्पस संरक्षक विष्णुप्रसाद पौडेलद्वय विशेष अतिथि रहनु भएको थियो। उद्योग वाणिज्यसंघ, नवलपरासीका पूर्व अध्यक्ष अर्जुन कुमार पोखरेल, उ.वा. संघ नवलरासीका अध्यक्ष साथै क्याम्पसका आजीवन सदस्य भिमबहादुर थापा, क्याम्पस सल्लाहकार समितिका संयोजक बोधराज घिमिरेको आतिथ्यतामा सम्पन्न त्यस सभामा क्याम्पस संचालक समिति सदस्य, सल्लाहकार समिति सदस्य, पत्रकार विभिन्न संघ संस्थाका प्रमुख वा प्रतिनिधि, समाजसेवी, उद्योगपति, चन्दादाता, अभिभावक तथा विद्यार्थीहरु गरी करिब ३०० जनाको उपस्थिति रहेको थियो।

क्याम्पसका सम्पूर्ण गतिविधि सरोकारवालाहरुलाई खुलस्त पार्ने उद्देश्यले संचालन गरिएको सो सभा उद्योग वाणिज्यसंघ नवलपरासीका पूर्व अध्यक्ष एवम् क्याम्पस संचालक समितिका सदस्य अर्जुन कुमार पोखरेलको स्वागत मनतव्यबाट प्रारम्भ भएको थियो। क्याम्पसलाई आर्थिक सहयोग गरी आजीवन सदस्य बन्नु भएका महानुभावहरुलाई आजीवन सदस्यको प्रमाणपत्र वितरण गरिएको उक्त सभामा सहायक क्याम्पस प्रमुख शिवप्रसाद नेपालले आर्थिक वर्ष २०७१।०७२ को आय-व्ययको विवरण प्रस्तुत गर्नुभएको थियो भने क्याम्पस प्रमुख अनिल कुमार बस्नेतले नेपालमा उच्च शिक्षाको अवस्था , प्रयास , चुनौती र सम्भावना विषयक अध्ययन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। सो सभामा

● बाँकी दोस्रो पृष्ठमा

स्थापनाकालका क्याम्पस प्रमुख र क्याम्पस संरक्षक विशेष अतिथिद्वयलाई क्याम्पसमा प्रदान गर्नु भएको योगदानको कदर गर्दै प्रशंसा पत्र वितरण गरिएको थियो भने सो सभाबाट स्नातकोत्तर तह संचालनको लागि आवश्यक तयारी पूरा गर्न उपसमिति गठन गर्ने , लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने , QAA प्रक्रियाका गतिविधि अनुमोदन गर्ने , क्याम्पसको आगामी बर्षका कार्यक्रम तथा बजेट अनुमोदन गर्ने , निर्णय पुस्तिका प्रमाणित गर्ने, अध्यक्ष तथा सदस्य सचिवद्वारा प्रस्तुत प्रतिवेदनहरु अनुमोदन गर्ने, त्रि.वि. र यू.जि.सी. लगायत सम्वन्धित निकायहरुका लागि आवश्यक पर्ने कागजात तयार पारी पेश गर्ने अधिकार संचालक समितिलाई दिने जस्ता प्रस्तावहरु अनुमोदन गरिएका थिए ।

उक्त सभामा शुभकामना मन्तव्य दिँदै प्रमुख अतिथि पाण्डेले यस जिल्लाका क्याम्पसहरु मध्ये देवकोटा क्याम्पस उदाहरणीय क्याम्पस बनेको भन्दै QAA प्रक्रियाको लागि पहल गर्नु निकै राम्रो भएको बताउनु भयो ।

विशेष अतिथि थान प्रसाद गैरेले क्याम्पसले प्रगति गर्दै गएकोमा खुसी व्यक्त गर्दै आफूले आगामी दिनमा समेत आवश्यक सहयोग गर्ने कुरा बताउनु भयो ।

अर्का विशेष अतिथि पौडेलले सम्पूर्ण सरोकारवालाहरुलाई क्याम्पस विकासमा लाग्न आग्रह गर्नु भयो । समापन मन्तव्य प्रस्तुत गर्दै सभाध्यक्ष लामिछानेले उपस्थिति सम्पूर्णलाई धन्यवाद दिँदै आफ्नो कार्यकालमा क्याम्पसले प्रारम्भ गरेको QAA प्रक्रियालाई निस्कर्षमा पुऱ्याएर छाड्ने विचार व्यक्त गर्नु भयो । उपप्राध्यापक हरिदत्त शर्माद्वारा संचालन गरिएको सो सभामा विद्यार्थीहरुका विभिन्न किसिमका नृत्य समेत प्रस्तुत गरिएका थिए ।

■■■

## Career Counseling And Orientation Program



मिति २०७२।०७।२४ गते यस क्याम्पस अन्तर्गतको Student support and guidance cell को आयोजनामा एक दिने Career counseling and orientation program सम्पन्न भयो । रुपन्देही जिल्लाको खैरेनीमा संचालन भएको उक्त कार्यक्रममा खैरेनी बजार वरपरका पाँच वटा उच्च माध्यमिक विद्यालयबाट अध्ययन पूरा गरका करिब ५० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । उच्च मा.वि. तह पार गरेपछि के पढ्ने ? कस्तो विषय लिएर पढने ? कुन विषय पढ्दा के फाइदा हुन्छ ? बजारमा कुन विषयको माग बढी छ ? कुन विषयमा रोजगारीको सम्भावना बढी छ ? संगसँगै देवकोटा क्याम्पसमा किन पढ्ने ? यो क्याम्पसमा के कस्ता सुविधाहरु उपलब्ध छन् ? भन्ने जस्ता विभिन्न कुराहरु प्रति विद्यार्थीहरुलाई सचेत गराउने उद्देश्यले आयोजित सो कार्यक्रम उपप्राध्यापक भीमलाल ढकालको स्वागत मन्तव्यबाट प्रारम्भ भएको थियो । क्याम्पस प्रमुख अनिल कुमार बस्नेतले कार्यक्रमसँग सम्बन्धित कार्यपत्र पेश गर्नु भएको थियो त्यस कार्यक्रममा क्याम्पसमा प्राध्यापनरत १० जना उपप्राध्यापकहरुको समेत सहभागिता रहेको थियो ।

■■■

## आन्तरिक परीक्षा

यस क्याम्पस अन्तर्गतको आन्तरिक परीक्षा विभागद्वारा संचालन गरिएको स्नातक तह परीक्षा मिति २०७२।१०।२२ देखि प्रारम्भ भई १०।२७ मा सम्पन्न भएको छ। वि.वि.एस., वि.एड. र वि.ए. संकायका सबै वर्षमा अध्ययनरत करिब १८१ जना विद्यार्थीको सहभागितामा संचालित उक्त परीक्षामा संकायगत रुपमा **वि.वि.एस.**मा अध्ययन गर्ने २०९ विद्यार्थीहरु मध्ये १०४ जना परीक्षार्थी परीक्षामा सहभागिता भएकोमा प्रथम बर्षमा ३५.४० प्रतिशत दोस्रो वर्षमा १५ प्रतिशत र तेस्रो वर्षमा २२.७१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए भने वि.वि.एस. तर्फ प्रथम वर्षमा रविना शर्मा पौडेलले ७६.६० प्रतिशत ल्याएर प्रथम हुनु भएको थियो । त्यसैगरी द्वितीय वर्षमा मनु कार्की ७१.८५ प्रतिशत प्राप्त गरी प्रथम र तृतीय वर्षमा बसन्त सापकोटा ले ५७.८१ प्रतिशत प्राप्त गरी प्रथम हुनुभएको थियो । त्यसैगरी **वि.एड.**मा अध्ययन गर्ने जम्मा १६१ विद्यार्थीमा ७२ जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा प्रथम वर्षमा २५ प्रतिशत, द्वितीय वर्षमा ७२ प्रतिशत र तृतीय वर्षमा ५० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । वि.एड. तर्फ प्रथम वर्षमा सुनिल कुमार कोहार ६४.३३ प्रतिशत प्राप्त गरी प्रथम, द्वितीय वर्षमा सीता कवँरले ६६.६० प्रतिशत प्राप्त गरी प्रथम र तृतीय वर्षमा मन कुमारी पंगेनीले ६० प्रतिशत प्राप्त गरी प्रथम भएका थिए भने **वि.ए.** तर्फ ८ जना विद्यार्थी मध्ये ४ विद्यार्थी परीक्षामा सहभागी भएका थिए ।

■■■





## भ्रमण सम्पन्न



मिति २०७२।०९।१४ गते यस क्याम्पस अन्तर्गको अतिरिक्तविभागको संयोजकत्वमा एक दिने अवलोकन भ्रमण सम्पन्न भएको छ । अतिरिक्त विभाग संयोजक नारायणप्रसाद ढकालको नेतृत्वमा गएको उक्त भ्रमण टोलीमा स्नातक तह अध्ययन गर्ने विभिन्न संकायका गरी करिब १६० विद्यार्थीहरुको सहभागिता रहेको थियो । स्थानीय उद्यमीलाई प्रोत्साहन गर्ने, साथै धार्मिक, साँस्कृतिक क्षेत्रको अवलोकन गर्ने उद्देश्यले रुपन्देही स्थित अस्ट्रिज फर्म र ऐतिहासिक पाकडी वृक्षको अवलोकन गरिएको थियो । विद्यार्थीलाई स्वरोजगार बन्न र ऐतिहासिक महत्वका विषय वस्तुहरुको संरक्षण गर्न भ्रमण निकै उपयोगी रहेको भ्रमणमा सहभागी विद्यार्थीहरुले बनाउनु भयो ।

■■■

## शुभकामना आदान प्रदान

मिति २०७२।०४।१७ गते प्राध्यापक तथा कर्मचारी बीच शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो । नेपालीहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको पावन अवसर पारी एकआपसमा सुख, शान्ति सम्बृद्धि, उन्नतिको शुभकामना आदान प्रदान गरियो । उक्त अवसरमा क्याम्पस प्रमुख अनिल कुमार बस्नेतले सबै प्राध्यापक तथा कर्मचारी मिलेर क्याम्पसको दिगो विकासका लागि अग्रसर हुनपर्ने कुरामा जोड दिनुभयो ।

## सि.सि.टि.भि क्यामेरा जडान

मिति २०७२।१०।१० गते यस क्याम्पसमा चारवटा सि.सि.टि.भि क्यामेरा जडान गरिएको छ । विद्यार्थीहरुले कक्षा छोडेर बाहिर बस्ने प्रवृत्तिको अन्त्य गर्न र विद्यार्थीहरुलाई पढाइप्रति सचेत बनाउन , सबै क्याम्पसका प्रत्येक गतिविधिलाई एकै ठाउँबाट बसेर प्रत्यक्ष रुपमा अवलोकन गर्ने उद्देश्यले क्याम्पसमा सि.सि.टि.भि क्यामेरा जडान गरिएको क्याम्पस संचालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेले बताउनु भयो । क्याम्पसमा भइरहेका गतिविधिको प्रत्यक्ष अवलोकन गर्न सि.सि.टि.भि क्यामेरा निकै उपयोग भएको क्याम्पस प्रमुख अनिल कुमार बस्नेतले बताउनु भयो ।

## S . S . R पेश गरिएको

गुणस्तर प्रत्यायन चिन्ह प्राप्त गर्न विश्वविद्यालय अनुदान आयोगको मापदण्ड अनुसार तयार गरिने क्याम्पसको स्वअध्ययन प्रतिवेदन नै S.S.R. हो । गुणस्तर प्रत्यायन चिन्ह प्राप्त गर्न विश्वविद्यालय अनुदान आयोग काठमाण्डौंमा मिति २०७२।०५।२७ गते यस महाकवि देवकोटा क्याम्पसले S.S.R. पेश गरको छ । S.S.R. पास भए Q.A.A. प्राप्त भएपछि अध्ययन अध्यापन अन्तर्राष्ट्रिय स्तरको बन्ने र विद्यार्थीहरुको शैक्षिक योग्यता विकसित देशहरुमा समेत मान्यता प्राप्त गर्ने साथै क्याम्पसको दिगो विकास हुने विचार क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले राख्नु भयो ।

■■■

## प्रभातफेरी ऱ्यालीमा सहभागी



२०७२ माघ २९ गते देखि फाल्गुन ११ सम्म सुनवल नगरपालिका स्थित सोमनाथमा संचालन हुन लागेको पश्चिमाञ्चल स्तरीय दोस्रो नवलपरासी औद्योगिक तथा कृषिमेलाको प्रभात फेरीमा यस क्याम्पसका करिब १०० विद्यार्थीहरुको सहभागिता रहेको थियो । स्थानीय उद्यमीहरुलाई प्रोत्साहन गर्दै समग्र नवलपरासीको औद्योगिक विकास गरी नेपालमै यसलाई परचित गराउने उद्देश्यले संचालन गर्न लागिएको उक्त मेलाले नवलरासीको ख्याती बढाउने स्थानीय वासिन्दाको भनाइ रहेको छ । नवलपरासीलाई औद्योगिक नगरीको रुपमा विकास गरी यसको समुन्नत भविष्यको लागि मेला निकै उपयोगि रहने कुरामा कुनै दुई मत नहोला ।

■■■

## क्याम्पस बस



टाढा टाढाबाट यस क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरुको सुविधा र मागलाई मध्यनजर गर्दै मिति २०७२।०९।२२ गते यस क्याम्पसले आफ्नै बस खरिद गरी संचालन गर्दै आएको छ । यसबाट क्याम्पसमा अध्ययनरत थुप्रै विद्यार्थीहरु लाभान्वित भएका छन् ।

■■■